अध्याय ११

# त्योभन्दा अझ बढी म के गर्न सक्छु र?



## शबाथ दउिसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *यूहन्ना १८:३७; रोमी ३:२३-२६; रोमी ५:८; यशैया ५:१-४, मत्ती २१:३३-३९; यशैया ५३:४ र रोमी ३:१-४।*

**याद गर्नुपर्ने पद: "पिलातसले उहाँलाई सोधे, 'के तिमी राजा नै हौ त?' येशूले जवाफ दिनुभयो, 'म राजा हुँ भनी तपाईं नै भन्नुहुन्छ। यसैको निम्ति म जन्मेको हुँ, र यसैको निम्ति सत्यको गवाही दिन म यस संसारमा आएको हुँ। प्रत्येक जो सत्यको पक्षमा छ, त्यसले मेरो सोर सुन्छ।'"** *(यूहन्ना १८:३७)*।

केही वर्ष अघि गाइड पत्रिकामा एउटा अत्यन्तै मार्मिक बालकथा छापिएको थियो। त्यो कथा डेनिस नाउँ भएको केटाको थियो। त्यो केटो टुहुरो थियो। त्यो केटो एउटा परिवारमा धर्मपुत्रको रूपमा राखिएको थियो। यो कथा मध्यकालिन युगको हो। डेनिसले उसको देशका राजालाई अति घृणा गर्दथ्यो। जब उसका बाबुआमा बिरामी थिए तब राजाका सिपाहीहरूले उसलाई घरबाट खोसेर लगेका थिए। उसले आफ्ना बाबुआमालाई कहिले पनि भेट्न पाएन। त्यसले गर्दा राजा र उनका सैनिकहरूप्रतिको घृणाले उसको हृदयमा अड्डा जमाएको थियो। ठूलो भएपछि उसलाई बाबुआमाबाट किन अलग गरियो भन्ने जानकारी पायो। त्यस बेला युरोपमा महामारी चलेको थियो। त्यसलाई ब्लाक प्लेग वा काल महामारी भनिन्छ। त्यो महामारी अत्यन्तै भयाभव थियो, र हजारौँ मानिसहरूलाई त्यसले मारेको थियो। जब आफूलाई त्यस महामारीबाट नै बचाउन सिपाहीहरूले घरबाट लगेका थिए भन्ने सत्य उसले थाहा पायो तब उसका जीवनभर राजाको विरुद्धमा हृदयमा अड्डा जमाइरहेको भावनाबाट उसलाई स्वतन्त्र भयो। आफ्ना जनताको उत्तम हितको निम्ति राजाले जे गर्नुपरेको थियो सो गरेका थिए।

आजका धेरै मानिसहरू पनि डेनिसले राजाको विरुद्धमा हृदयमा घृणा राखेको जस्तै परमेश्वरको विरुद्धमा पनि विद्रोही भावनाले ग्रसित भइरहेको छन्। यस संसारमा भएका दुष्ट, खराब, आतङ्क आदिका गतिविधिहरूले परमेश्वरलाई घृणा गर्दछन् वा उहाँको अस्तित्वको बारेमा सरासर अस्वीकार गर्छन्। जब दुःख, कष्ट र आतङ्कवादले हमला गर्छ वा युद्धको चपेटामा अनजान मानिसहरूले पीडा भोग्छन् तब त्यस बेला परमेश्वर कहाँ हुनुहुन्छ त? यदि परमेश्वर असल हुनुहुन्छ भने यस संसारमा धेरै खराब किन भयो त? परमेश्वर र शैतानको बिचमा भइरहेको द्वन्द्वबाट त्यस निर्णायक विषयमा केही जवाफ त हामीले पाइएला तर धेरै प्रश्नहरूको जवाफ त बाँकी नै भइरहेको हुन्छन्। हामीले जवाफ दिन प्रयत्न गरे तापनि हामी सन्तुष्ट त हुन सक्दैनौं। हामीले अहिले जवाफ दिन नसकेको प्रश्नका जवाफहरू क्रूसमा हेरेर चित्त बुझाउन सक्छौं।

# विजयी येशू

आफ्नो राजसत्तालाई हडप्ने शत्रुको अस्तित्वको बारेमा येशू आफैले "यस संसारको शासक" भनेर सम्बोधन गर्नुभएको थियो। यद्यपि, यस विश्व ब्रह्माण्डका सत्य राजा येशू आफै हुनुहुन्छ। शैतानसँगको युद्धमा येशू आफै हाम्रो लागि जित्नुहुन्छ। उहाँमा नै हामीले विजय पाउन सक्छौं। हामी दुःख, कष्ट र पीडामा गुज्रनुपरे तापनि येशूमा रहेर हामी विजयी जीवन यापन गर्न सक्छौं। शत्रु शैतानले आक्रमण गर्ने प्रत्येक चालमा येशूको सहयताले हामी विजयी पाउन सक्दछौं।

शैतानको बारेमा बाइबलले विभिन्न परिचयहरू दिएर हामीलाई चिनाएको छः

(१) सुरुदेखि नै सारा संसारलाई धोखा दिने *(प्रकाश १२:९; मत्ती ४:३; यूहन्ना ८:४४; २ कोरन्थी ११:३; १ यूहन्ना ३:८)*।

(२) निन्दा गर्ने, बदनाम गर्ने, कलङ्क लगाउने, परमेश्वर र उहाँलाई विश्वास गर्नेहरूलाई झुटो आरोप लगाउने *(प्रकाश १२:१०; प्रकाश १३:६; अय्यूब १-२; जकरिया ३:१, २; यहूदा ९)*।

(३) यस पृथ्वीको शासनलाई हडपेर आफै शासक भएर शासन गर्ने *(यूहन्ना १२:३१, यूहन्ना १४:३०, यूहन्ना १६:११, प्रेरित २६:१८, २ कोरन्थी ४:४, एफिसी २:२, १ यूहन्ना ५:१९)*।

पढ्नुहोस्: **शैतानका छलहरूको प्रतिरोध गर्न येशू ख्रीष्टले चाल्नुभएको चाललाई यूहन्ना १८:३७मा कसरी बताइएको छ? येशू नै राजा हुनुहुन्छ भनेर हामी कसरी ढुक्क हुन सक्छौं?**

________________________________________

________________________________________

________________________________________

शैतान परमेश्वर र उहाँका जनहरूका परमशत्रु, धोखेबाज, निन्दा गर्ने, झुटो आरोप लगाउने र सत्ता हडप्ने भनेर बाइबलमा लेखिए तापनि प्रत्येक पक्षमा येशू विजयी हुनुभएको भनेर बाइबलले नै सिकाउँदछ।

(१) सत्यको बारेमा गवाही दिन येशू यस पृथ्वीमा आउनुभएको थियो। *(यूहन्ना १८:३७)*।

(२) परमेश्वरको सिद्ध र परिपक्व धार्मिकता र प्रेम येशूले क्रूसद्वारा नै सर्वोच्च तरिकाले देखाउनुभएको थियो *(रोमी ३:२५, २६; रोमी ५:८)*। त्यसले गर्दा शैतानका आरोपहरू नै झुटो भएका प्रमाणित भएको थियो *(प्रकाश १२:१०, ११)*।

(३) परमेश्वरले शैतानको राज्यलाई अन्तमा नाश गर्नुहुनेछ भनेर थाहा पाएकोले उसको समय छोटो छ भनेर उसले महसुस गरेको छ *(प्रकाश १२:१२, रोमी १६:२०)* र येशू ख्रीष्टले यस पृथ्वीमा सदाको निम्ति राज गर्नुहुनेछ *(प्रकाश ११:१५)*।

अन्तमा आएर हामी यो भन्न सक्दछौं कि शैतानले जे गरे तापनि ऊ परास्त गरिएको शत्रु हो। ऊसँग मुकाबिला गर्ने अस्त्र नै ख्रीष्टले गर्नुभएको विजय हाम्रो निम्ति प्रत्येक दिन, प्रत्येक क्षण दाबी गर्नु हो। यो विजयको दाबी उहाँले क्रूसमा उपलब्ध गराउनुभएको प्रतिज्ञाहरू नै हुन्।

**परमेश्वर र शैतानका बिचमा भइरहेको भीषण अन्तरद्वन्द्वमा कसले जित्नेछ भनेर हामीलाई थाहा छ। प्रत्येक दिन र प्रत्येक क्षणमा हामीले गर्ने निर्णयहरूद्वारा हामी कसको पक्षमा छौं भनेर हामीले नै कसरी देखाइरहेका छौं? अहिले नै हामी विजयी पक्षमा छौं भनेर हामी कसरी निर्धक्क हुने?**

# जे उचित वा न्यायसङ्गत छ र निर्दोष अर्थात् न्यायोचित छ भनेर फैसला दिनुहुने

येशूले गर्नुहुने प्रत्येक कामले शैतानको कामलाई *निकम्मा* बनाइदिन्छ। यही लक्ष्य प्रकट गर्न येशू आउनुभएको वा शैतानको कामलाई नाश गर्न भनेर १ यूहन्ना ३:८ले बताउँछ। मृत्युमाथि शक्ति हुने व्यक्ति वा शैतानलाई नाश गर्न नै येशू आउनुभएको थियो भनेर हिब्रू २:१४मा पावलले बताउँदछन्। तर शत्रुको शासनको पूरै विनाश दुई चरणहरूमा हुन्छ। पहिलो त क्रूसको कामद्वारा जसले शैतानका निन्दनीय झुटा आरोपहरूको खण्डन गर्दछ। पछि गएर शैतान र उसको राज्य सदाको निम्ति ध्वस्त हुनेछ।

पढ्नुहोस्: **रोमी ३:२३-२६ र रोमी ५:६-८ पढ्नुहोस्। शैतानका निन्दनीय आरोपहरूको खण्डन येशूले कसरी गर्नुहुन्छ भनेर यी पदहरूले कसरी प्रकट गर्दछन्?**

________________________________________

________________________________________

परमेश्वर पूरै धर्मी र मायालु हुनुहुन्न भनेर शत्रुले आरोप लगाउँछ। तर क्रूसद्वारा नै परमेश्वर पूरै धर्मी र प्रेमिलो हुनुभएको थियो भनेर ख्रीष्टले प्रकट गर्नुभएको थियो।

येशूको मृत्युपछि "आफ्नो मुकुन्डो उघारिएर छिया छिया भएको शैतानले देखेको थियो। उसको शासन पद्धति पतिन नभएका स्वर्गदूतहरू र विश्व ब्रह्माण्डको सामु प्रकट गरिएको थियो। शैतान खुँखार हत्यारा हो भनेर उसले आफैलाई प्रकट गरेको थियो। परमेश्वरको पुत्रको रगत बगाएर जगत्का सारा जीवहरूका सामु उसलाई दिने सहानुभूति जरैदेखि उखालिएको थियो।"–एलेन जी. ह्वाइट, द *डिजाएर अभ एजेज्*, पृ. ७६१।

पढ्नुहोस्: **उत्पत्ति ३:१५को परिवेशमा प्रकाश १२:१०-१२ पढ्नुहोस्। येशूले क्रूसमा जित्नुभएको घटना जगत् ब्रह्माण्डको लागि कतिको महत्त्वपूर्ण छ भनेर यी पदहरूले के बुझाउँदछन्?**

________________________________________

________________________________________

अन्तमा सबैको हितको निम्ति परमेश्वरले सधैँ काम गर्नुहुन्छ भनेर मुक्तिको इतिहासले हामीलाई प्रशस्त प्रमाण उपलब्ध गराएको छ। बाइबलका परमेश्वरले जहिले पनि जे असल र न्यायोचित छ सो गर्नुहुन्छ भनेर भीषण द्वन्द्वमा उपलब्ध गराएका बाइबलका पदहरूले देखाउँदछन् *(व्यवस्था ३२:४; १ शमूएल ३:१८; भजनसंग्रह १४५:१७; दानिएल ४:३७; हबाकूक १:१३; प्रकाश १५:३ र उत्पत्ति १८:२५)*।

**जगत् ब्रह्माण्डमा परमेश्वर र शैतानको बिचमा भइरहेको महाद्वन्द्वमा परमेश्वरको धार्मिकता र प्रेमलाई प्रकट गर्नु किन महत्त्वपूर्ण छ? जब तपाईंले क्रूसमा र मुक्तिको योजनामा प्रकट गरिएको काममा सोच्नुहुन्छ तब परमेश्वरको कामले नै उहाँको प्रेममा तपाईं विश्वस्त हुन सक्नुहुन्छ भनेर कसरी निश्चित हुने? तपाईं दुःख, कष्ट र परीक्षाहरूको सामना गरिरहनुभए तापनि परमेश्वर तपाईंबाट टाढा हुनुहुन्न भनेर "जगत्को अन्तसम्म म तिमीहरूसँगै हुनेछु" भन्ने येशूको वाचाले ढुक्क हुन सक्नुहुन्न र?**

# मेरी प्रियकी गीत

विश्व ब्रह्माण्डमा भइरहेको युद्धको बिचमा परमेश्वरले उहाँका प्रेम र धार्मिकतालाई अचम्म तरिकाहरूले प्रकट गर्नुभएको छ। तैपनि कतिपयले त यो सोध्छन् होला कि यस संसारमा खराब तत्त्वहरूको बिगबिगी हुन नदिन वा हटाउन परमेश्वरले अझ बढी गर्न सक्नुहुन्नथ्यो होला? ब्रह्माण्डको युद्धको ढाँचामा परमेश्वरले प्रत्येक जीवलाई आत्मनिर्णयको स्वतन्त्रता दिनुभएको थियो। परमेश्वर र मानवसँग प्रेमिलो सम्बन्धलाई कायम राख्न अति आवश्यक स्वेच्छा वा विवेकको स्वतन्त्रतालाई अधिकतम प्रयोग गरोस् भन्ने परमेश्वरको चाहना थियो। परमेश्वर र मानिसको बीचमा र एक आपसमा हुनुपर्ने प्रेमचाहिँ करकाप गरेर, धम्की दिएर, तर्साएर वा जबरजस्ती गरेर असली रूपमा कायम हुँदैन। परमेश्वर र मानिसको बीचमा र एक आपसमा हुनुपर्ने प्रेम र सदभाव उच्च स्तरमा फलोस् र फुलोस् भन्ने चाहनाले गर्दा उहाँले मानिसलाई यान्त्रिक मानव सृष्टि गर्नुभएको थिएन जसमा भावना हुँदैन। अझ उहाँ परमेश्वर हुनुभए तापनि उहाँले नैतिक दायरा वा नीतिमा नै बस्नुभएर आफूलाई परिचालन गर्नुभएको थियो। उहाँको चरित्र, मिजास र स्वभावको विरुद्धमा शैतानले उठाएको आवाजलाई साम्य पार्न उहाँले नै प्रेमको पराकाष्ठालाई प्रदर्शन गर्नुभयो।

पढ्नुहोस्: **यशैया ५:१-४ पढ्नुहोस्। यी पदहरूमा कसले बोलिरहेका थिए? कसको बारेमा यशैयाले चर्चा गरिरहेका थिए? बगैँचा र बगैँचाको मालिकले कसको प्रतिनिधित्व गर्दछ? बगैँचाको निम्ति बगैँचाका मालिकले गरेका कामहरूको अर्थ के हो? त्यसको नतिजा के भयो?**

________________________________________

________________________________________

________________________________________

उपर्युक्त पदहरूमा यशैयाले उनकी प्रियकी गीत गाउँछन्। उनकी प्रिय बगैँचा वा दाखबारी थियो। त्यो दाखबारीका मालिक परमेश्वर आफै हुनुहुन्छ। दाखबारी वा बगैँचाले परमेश्वरका जनहरूको प्रतिनिधित्व गर्दछ *(उदाहरणको लागि निम्न पदहरू हेर्नुहोस्: यशैया १:८; यर्मिया २:२१)*। तर त्यसको प्रभावकारी अर्थमा केवल यहूदी

जातिलाई मात्र नभएर संसारका प्रत्येक मानव प्राणी जसले उहाँलाई आफ्नो परमेश्वर भनेर स्वीकार्छ, तिनीहरूलाई समावेश भएको हुन्छन्। ती पदहरूअनुसार दाखबारीका मालिकले (परमेश्वर) त्यस बारीलाई स्याहर्न सबै थोक गर्नुभएको थियो ताकि त्यसले असल दाख फलाओस्। तर त्यस बारीले बन अङ्गुर वा अरू अनुवादमा खानै नहुने अङ्गुर पो फलायो। अझ हिब्रू भाषामा अक्षरशः अनुवाद गर्दा *गन्हाउने फल* भन्ने जनाउँछ। परमेश्वरकै दाखबारीमा सडेका अङ्गुरहरू फलेका थिए।

परमेश्वर आफै बोलिरहनुभएको वचन यशैया ५:३मा उल्लेख गरिएको छ। उहाँ र त्यस बारीको बिचमा न्याय गर्न वा फैसला गर्न परमेश्वरले मानिसहरूलाई आह्वान गर्नुभएको थियो। अनि यशैया ५:४मा परमेश्वर आफैले मार्मिक प्रश्न गर्नुहुन्छ, "मेरो दाखबारीको निम्ति मैले नगरेको चाहिँ के रहेको होला, जो अरू बढ्ता मैले गर्नुपर्नेथियो? असल दाख पो फल्छ कि भनेर आशा गरेको त किन त्यसले खराब दाख मात्र फलायो?" हो हाम्रै जीवनमा परमेश्वरले के बढी काम गर्न सक्नुहुन्थ्यो होला? आफूले गर्नुभएको कामलाई अरूले नै मूल्याङ्कन गरोस् भनेर उहाँले आह्वान गर्नुभएको अत्यन्तै रोचक छ।

**हाम्रो पापको निम्ति परमेश्वर आफै क्रूसमा टाँगिनुभएको परिप्रेक्ष्यमा "मेरो बारीका निम्ति अझ म के गर्न सक्छु र?" भन्ने प्रश्न कस्तो हृदय विदारक छ। हामी परमेश्वरको स्वरूपमा फर्कौं भन्ने उहाँको चाहना पूरा गर्नलाई हाम्रो निम्ति के मात्र गर्नुभएन? उहाँको यो चकित पार्ने कामको बारेमा हामीले दिन-दिनै ध्यान गर्नु अत्यन्तै जरुरी छ।**

# येशूले भन्नुभएको दाखबारी वा बगैँचाको अर्तीकथा

येशूले मत्ती २१मा एक जना बारीको मालिकको बारेमा अर्तीकथा भन्नुभएको थियो। यशैया ५मा उल्लेख गरिएको दाखबारीको कथामा येशूले थप्नुभएको थियो। आफ्नो बारी वा यहूदी जनहरूका मालिकका चरित्र र कामहरूको बारेमा येशूले थप्नुभएको थियो।

पढ्नुहोस्: **यशैया ५:४मा "म योभन्दा बढी के गर्न सक्छु र?" भन्ने परमेश्वरको विलापलाई ध्यानमा राखेर मत्ती ५:३३-३९ पढ्नुहोस्। उहाँले के बढी गर्न सक्नुहुन्छ र?**

यस अर्तीकथाको पहिलो भाग येशूले सिधै यशैया ५को गीतबाट उतार्नुहुन्छ। यसमा दाखबारी र दाखबारीका मालिकका बारेमा उल्लेख गरिएको छ। अनि येशूले थप्नुहुन्छ, त्यस दाखबारीका मालिकले आफ्नो बारी अरूलाई ठेक्कामा दिए वा कमाउन दिए। त्यहाँबाट उब्जिएका अङ्गुरहरूलाई रस बनाउने यन्त्र पनि त्यहाँ राखिएको थियो। अनि त्यो मालिक टाढा देशमा यात्रा गर्न गए *(मत्ती २१:३३)*। तापनि जब त्यो मालिकले दुई पल्टा आफ्ना नोकरहरूलाई उब्जनी जम्मा गर्न पठाए तब ती नोकरहरूलाई मोहीहरूले समातेर पिटै र मारे [ती नोकरहरू परमेश्वरका अगमवक्ताहरू थिए]। *(मत्ती २१:३४-३६)*। आखिरमा त्यस मालिकले आफ्नो पुत्र [येशू]-लाई पठाएर भने कि "कमसेकम तिनीहरूले मेरा पुत्रलाई त आदर गर्लान् कि?" *(मत्ती २१:३७)*। तर तिनीहरूले उनका पुत्रलाई पनि यसो भन्दै मारे, "यो त यस दाखबारीको उत्तराधिकारी हो। यसलाई मारौं र यस दाखबारीलाई हाम्रै हातमा पारौं।" *(मत्ती २१:३८, ३९)*।

आफ्नो पुत्रलाई पठाउनुभन्दा बढी मालिकले के गर्न सक्थे होला? परमेश्वर पिताले यस संसारलाई धेरै प्रेम गर्नुभएकैले उहाँको आफ्नै प्रिय पुत्र यस संसारमा पठाउनुभएको थियो *(यूहन्ना ३:१६)*। यस संसारमा भइरहेको शैतानको बिगबिगीको पूरै पर्दाफास नभईकन परमेश्वरले उसलाई ध्वस्त गर्नुहुनेछैन। सार्वजनिक रूपमा परमेश्वरको चरित्र वा स्वभावको वास्तविकतालाई सबैले थाहा पाउनैपर्दछ। येशूका काम र जीवनले परमेश्वर को हुनुहुन्छ र उहाँको स्वभाव र मिजास कस्तो छ भन्ने कुरालाई र उहाँका

गुणहरूलाई प्रदर्शन गरेको थियो *(रोमी ३:२५, २६; रोमी ५:८)*। परमेश्वरले हामीलाई कतिको प्रेम गर्नुहुन्छ, हाम्रो कल्याण कतिको खोज्नुहुन्छ भनेर प्रमाणित गर्न आफ्नै पुत्रलाई पठाउनुभएर उहाँ हाम्रो निम्ति मारिनुभएकोभन्दा बढी उहाँले के अरू गर्न सक्नुहुन्छ र? यसद्वारा उहाँको न्याय र सिद्ध प्रेमलाई सम्झौता नगरीकन उहाँले आफ्नो कार्य न्यायोचित ठहऱ्याउनुभयो।

यस संसारमा शैतानले ल्याएको पाप र खराब तत्त्वहरूलाई सखाप पार्ने परमेश्वरको योजनालाई क्रूसले नै प्रमाणित गरिएको थियो। परमेश्वरका फल्दै-फुल्दै गरेको सच्चा प्रेमलाई विचलित नपारीकनै ख्रीष्टले मृत्यु अङ्गाल्नुभएको थियो। यदि मानिसलाई मुक्ति दिन र अनन्त जीवनको स्वाद दिन येशूको मृत्युभन्दा अरू कुनै उपाय नै छ भने के उहाँले अपनाउनुहुन्न र? निःसन्देह, परमेश्वर र शैतानको बीचमा भइरहेको महान् भीषण द्वन्द्वमा मानिसहरूले अति दुःख पाइरहेका छन्, तर सबभन्दा धेरै दुःख पाइरहने त परमेश्वर आफै हुनुहुन्छ। जब हामीले क्रूसमा आँखा लगाउँछौं तब पापले गर्दा ल्याएको कष्ट, वेदना र पीडा त परमेश्वरमा नै बज्रिएको हामी देख्नेछौं। प्रेमद्वारा स्वेच्छाले पाइने मुक्ति कतिको पवित्र छ त भनेर देखाउन नै ख्रीष्ट हाम्रो निम्ति कष्ट सहनुभएको कुराले प्रमाणित गर्दछ।

**यशैया ५३:४ पढ्नुहोस्। यशैयाले येशूको पीडाको बारेमा वर्णन गरेका पढ्नुहोस्। क्रूसमा येशूले कसको दुःख, पीडा, वेदना, बिलाप र शोक बोक्नुभएको थियो? यसले गर्दा हाम्रो मुक्तिको निम्ति परमेश्वरले कस्तो मोल चुकाउनुभएको होला, सो चिन्तन गर्नुहोस्।**

# परमेश्वरको नाउँमाथि कलङ्क लगाउने मुद्दाको छिनोफानो

शैतान र अरू कुनै पनि मानव प्राणीले परमेश्वरको नाउँमा कलङ्क लगाउने कुनै पनि प्रयास झुटो हो भनेर परमेश्वरले प्रत्येक माध्यमबाट प्रमाणित गर्नुभएको थियो। मुक्तिको योजनामा परमेश्वर पिता, परमेश्वर पुत्र र पवित्र आत्माले प्रकट गर्नुभएको सिद्ध र निष्कलङ्क धार्मिकता र प्रेममाथि कसैले शङ्का गर्नु नै अनुचित र अन्याय हो *(रोमी ३:२५, २६; रोमी ५:८)*।

पढ्नुहोस्: **यशैया ५:३, ४को सन्दर्भमा रोमी ३:१-४ पढ्नुहोस्। विश्व ब्रह्माण्डमा भइरहेको भीषण द्वन्द्वमा परमेश्वर निर्दोष हुनुहुन्छ भनेर उहाँ आफैले कसरी प्रमाणित गर्नुभएको छ? उहाँले गर्नुभएको भन्दा अझ के गर्न सक्नुहुन्थ्यो र?**

रोमी ३ र यशैया ५मा हाम्रो सिमित दिमागमा भ्याएअनुसार परमेश्वरले उहाँका जीवहरूलाई उहाँको चरित्रको बारेमा मूल्याङ्कन गर्न आह्वान गर्नुहुन्छ। हुन त हामी परमेश्वरको न्याय गर्न को हौ र? युगको अन्तमा स्वर्गमा भएका सारा बहीखाताहरू खोलिनेछन् र परमेश्वर पूर्ण र सिद्ध रूपमा न्यायी र धर्मी हुनुहुन्छ भन्ने प्रमाण हामी सबैले देख्नेछौं। यस जगत्का सबै बुद्धिजीविहरूका सामु परमेश्वरले आफू न्यायोचित, धार्मिक र प्रेमिलो हुनुहुन्छ भनेर प्रमाणित गर्नुहुनेछ।

पढ्नुहोस्: **प्रकाश १५:३ र प्रकाश १९:१-६ पढ्नुहोस्। अन्तमा आएर परमेश्वरको नाउँको सफाया कसरी पाउँछ वा उहाँ निर्दोष हुनुहुन्छ भनेर कसरी प्रमाणित गरिनेछ भनेर यी पदहरूले हामीलाई कसरी सिकाउँछन्? परमेश्वरले गर्नुभएको भन्दा थप उहाँले के गर्न सक्नुहुन्थ्यो र?**

सारा बाइबलभरि परमेश्वरले आफ्ना नाउँको इज्जत राख्न चासो देखाउनुहुन्छ। किन त? कुनै पनि व्यक्तिको चरित्र वा स्वभावलाई तपाईंले मन पराउनुहुन्न वा विश्वास गर्नुहुन्न भने, त्यस व्यक्तिलाई तपाईंले न गहिरो रूपमा प्रेम गर्न सक्नुहुन्छ न ता उहाँसँग सम्बन्ध राख्न चाहनुहुन्छ। [हाम्रो भाषामा यङ्ग ठ्याङ्ग नमिल्नेसँग काँधमा काँध मिलाएर को जान चाहन्छ र? अनुवादक]। यदि तपाईंको श्रीमतीलाई कसैले तपाईंको चरित्रको विरुद्धमा भयङ्कर बदनामपूर्ण कुरा भन्यो भने त्यो आरोप झुटो हो भनेर प्रमाणित गर्न तपाईंले सक्दो प्रयास गर्नुहुनेछ। यदि त्यो आरोपलाई विश्वास गरियो भने तपाईंमा भएको प्रेमिलो सम्बन्ध भत्किन सक्दछ।

अन्तमा आएर मुक्तिको सारा योजना र क्रूसद्वारा परमेश्वरको असली चरित्र, न्याय र धार्मिकतालाई उहाँले नै प्रमाणित गर्नुभएको छ। अहिले भइरहेको न्याय प्रणालीमा जगत्का सारा जीवहरूले परमेश्वर कतिको असल, न्यायी, धर्मी र प्रेमिलो हुनुहुन्छ भनेर हेरिरहेका छन्।

येशूको आगमन पछि हुने न्यायमा मुक्ति पाउनेहरूले स्वर्गदूतहरूकै न्याय गर्नेछन् *(१ कोरन्थी ६:२, ३)*। जब मुक्ति पाएकाहरूले यस पृथ्वीमा रहँदा आफ्ना लेखाजोखा हेर्ने अवसर पाउनेछन् तब तिनीहरूकै हितको निम्ति परमेश्वर सक्रिय हुनुभएको तिनीहरूले हेर्न पाउनेछन्। परमेश्वरले गर्नुभएका सबै कार्यहरू सधैँ तिनीहरूकै उत्तम हितको निम्ति गरिएका छन्, उहाँ सिद्ध रूपमा धर्मी र प्रेमिलो हुनुहुन्छ भनेर तिनीहरूले नै समिक्षा गर्न पाउनेछन्। त्यस समय हामीमा भएका असङ्ख्य प्रश्नहरूको जवाफ नखोज्ने को होला? यस पृथ्वीको चोला आगोद्वारा पूरै परिवर्तन भएपछि हामीमा भएका सम्पूर्ण प्रश्नहरूको जवाफ हामीले पाउनेछौं *(१ कोरन्थी ४:५ हेर्नुहोस्)*।

अन्तमा आएर सबै मानिसहरूका घुँडा टेक्नेछन् वा प्रणाम गर्नेछन् र प्रत्येक जिब्रोले येशू नै प्रभु हुनुहुन्छ भनेर स्वीकार्नेछ *(फिलिप्पी २:१०, ११)*। परमेश्वरको चरित्रको प्रमाणित ती सबै प्रक्रियाबाट हुनेछ।

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित *टेस्टिमोनिज फर द चर्च*, ठेली ९को पृ. २८५-२८८को "द रिवार्ड अभ अर्नेस्ट एफोर्ट" भन्ने अंश पढ्नुहोस्।

"अहिले परमेश्वरकै मातहतमा भइरहेका सबै अन्यौलता वा नबुझ्ने कुराहरू नयाँ पृथ्वीमा व्याख्या गरिनेछन्। अहिले नै हामीले बुझ्न कठिन भएका जिज्ञासाहरूको सबै जवाफहरू हामीले त्यस बेला पाउनेछौं। अनुग्रहका रहस्यहरू हाम्रो सामु उघारिनेछन्। अहिले हाम्रा सीमित दिमागले हामी केवल अन्यौलतालाई मात्र पत्ता लगाउँदैछौं, हामीले अपेक्षा गरेका प्रतिज्ञाहरू केवल टुक्रिएको मात्र हामी देख्दछौं। तर त्यस समयमा हामीमा भएका सबै अन्यौलता हाम्रै हितको निम्ति सुन्दर रूपमा तालमेल भएको अत्यन्तै निर्मल रूपमा देख्नेछौं। अहिले हामीले गुज्रनुपर्ने कठिन परिस्थितिहरू परमेश्वरकै अपार प्रेमको कारणले हो भनेर हामीले बुझ्नेछौं। सबै थोकहरू हाम्रै निम्तिको हो भनेर जब हामी देख्नेछौं तब जे भयो त्यो उहाँकै कोमल प्यार र चाहनाले भएको थियो र हाम्रै हितको निम्ति भएको थियो भनेर हामीले बुझ्नेछौं। त्यस बेला हामी आनन्दले भरिपूर भएर उच्चारण नै गर्न नसकिने बोलीहरू हामीबाट फुट्नेछन्। हामी आभारित भएर परमेश्वरको अत्यन्तै महिमा गर्नेछौं।"–एलेन जी. ह्वाइट, *टेस्टिमोनिज फर द चर्च*, ठेली ९, पृ. २८६।

**छलफलको लागि प्रश्नहरू:**

**१. तपाईंको जीवनमा परमेश्वरले गर्नुभएको कामप्रति तपाईं कहिले पनि अलमलमा पर्नुभएको छ? अन्तमा आएर ती सबै थोकहरू हाम्रो निम्ति सरल बनाइनेछन् भन्ने धारणाले तपाईंलाई कस्तो सान्त्वना पाउनुभएको छ?**

**२. यस संसारमा मर्न र मानव अवतार लिन आउनुहुँदा ख्रीष्टले के त्याग गर्नुपरेको थियो सो सोच्नुहोस्। यसले परमेश्वरको प्रेमको बारेमा हामीलाई के बताउँछ? के उहाँलाई हामी विश्वास गर्न सक्छौं र? हाम्रो निम्ति उहाँले जे गर्नुभयो त्योभन्दा बढी उहाँले के गर्न सक्नुहुन्छ र?**

**३. परमेश्वरको नाउँको महत्त्व के छ? हामी इसाई हौं भनेर दाबी गर्नेहरूले उहाँको नाउँमा चल्दा अरूहरूले हामीलाई कसरी हेर्छ होला? यस संसारमा इसाई भनाउँदाहरू चाहे एड्भेन्टिस्ट नै किन नहून् विभिन्न खेमा विभाजित भएर एक आपसमा आरोप प्रत्यारोप र प्रतिस्पर्धा गरेर येशूका अनुहारमा कसरी हिलो छ्यापिरहेका छन्? हाम्रो जीवन, बोली र व्यवहारले येशू कस्तो हुनुहुन्छ भनेर स्थानीय समाजलाई हामीले कसरी देखाउने?**

४. अहिले हामीमा भएका अनेकौँ प्रश्नहरूको जवाफहरू अपुरक नै छन्। यस संसारमा भइरहेका पाप, अधर्म र खराबका बारेमा उठेका प्रश्नहरू जतिसुकै चतुर तरिकाले जवाफ दिन खोजे तापनि चित्तबुझ्दो हुन्छ भन्ने छैन। यद्यपि, यस संसारमा दुःख कष्ट पाइरहेकाहरूलाई राहत दिन हामी के गर्न सक्छौं? सबै खराबका समस्याहरू अन्तमा आएर परमेश्वरले नै समाधान गर्नुहुनेछ भन्ने धारणाले हाम्रो मन कसरी हलुका हुन सक्छ?

५. यशैया ५३:४को बारेमा चिन्तन गर्नुहोस्। ख्रीष्टले हाम्रो निम्ति बिलाप गर्नुभएको, दुःख भोग्नुभएको र पीडा भोग्नुभएको थियो। हाम्रो मुक्तिको निम्ति परमेश्वरले चुकाउनुभएको मोल क्रूसले हामीलाई कसरी बुझाउन खोज्छ?

# जिद्दी आमा: भाग ३

*लेखक:* आन्ड्र्यु मेकचेस्ने

बाल चिकित्सक कलेटले अलास्काको स्थानीय १३ वर्षकी केटी शबाथ सुरु हुनुभन्दा अघि आफ्नो घरमा ल्याइन्। उनले माट्रोनालाई आफू सेभेन्थ-डे एड्भेन्टिस्ट भएको सुनाएकी थिइन्। आङ्करेजमा तिनीहरू सँग-सँगै रहेर पहिलो शबाथ मान्नु राम्रै देखिएको थियो।

धर्मपुत्र वा पुत्री पाल्न दिने प्रशासकले शबाथको दिनदेखि मात्र कलेटले माट्रिनालाई लान सक्छ भनेर अनुमति दिएक थियो।

आङ्करेजमा सर्ने एक दिन अगाडि कलेटले माट्रोनालाई आफू शनिबार चर्च जाने गरेको भनिन् र के उनी पनि जान चाहन्छिन् कि भनेर सोधिन्। आफू नजाने भनेर माट्रोनाले सुनाइन्।

जब माट्रोना भोलिपल्ट बिहान कलेटको घरमा आइन्, उनले टेलिभिजन हेर्ने चाहना व्यक्त गरिन्।

"मेरो घरमा शबाथमा इसाईमा आधारित फिल्म वा प्रकृतिको भिडियो मात्र हेर्छौं" भनेर कलेटले भनिन्।

माट्रोना छक्क परिन्। आफूले जङ्गली जनावरको विषयमा टेलिभिजन कार्यक्रम हेर्न पाइन्छ कि भनेर सोधिन्।

तिनीहरू आङ्करेजमा दुई महिना राम्रोसँग बिताए। अनि तिनीहरू बेथेलमा सरे जहाँ कलेटको काम अस्पतालमा थियो। ती समयमा तिनीहरू दिन-दिनै के गर्नुपर्छ भनेर रुटिन बनाए र आपसी सम्बन्ध राम्रो गर्नेमा ध्यान दिए। तिनीहरू बिहान र बेलुका सङ्गति गर्थे। बिस्तारै माट्रोना पनि आत्मिक रूपमा बढ्दैजान थालिन्।

आज १५ वर्षीकी माट्रोना बेथेलमा रहन मन पराउँछिन्। उनी घरेलु स्कुलमा जान्छिन्। पियानो बजाउन पाठमा सरिक हुन्छिन्। उनका धेरै साथीहरू छन् र बेथेलको सेभेन्थ-डे

एड्भेन्टिस्ट चर्चमा भएको क्रियाकलापमा सक्रिय छिन्।

"परमेश्वरले मेरो निम्ति सबै थोक तयार गर्नुभयो," कलेटले भनिन्। उनी बाइबल सिकाउने र चर्चको सहअगुवा पनि छिन्।

"पहिले मैले फोनमा भेटेको आदर नगर्ने माट्रोना अहिले एकदम फरक छ। उनी चर्च र छिमेकीका बालबालिकाहरूका अगुवा छिन्। उनको विश्वासमा परमेश्वरले काम गरिरहनुभएको मैले महसुस गरेको छु," कलेटले सुनाइन्।

कलेटको नियमित रूपमा फोनमा कर गरेर बोलाइरहने कुराप्रति आफू आभारित भएको माट्रोनाले व्यक्त गर्छिन्। अब कलेट नियममा चल्ने आमा भएर प्रेम गरेको प्रति पनि आफू आभारित भएको माट्रोनाले भन्छिन्। "यदि उनले बारम्बार मलाई नबोलाएको भए मैले परमेश्वरलाई चिन्नेथिइनँ," माट्रोनाले भनिन्।

उनको जीवन परिवर्तन गर्न परमेश्वरले कलेटलाई प्रयोग गर्नुभएको माट्रोनाले बताइन्। "उनले मलाई कसरी भेटिन् यो संयोग थिएन। परमेश्वरले नै कलेटलाई मकहाँ ल्याउन र म उनीकहाँ जान अगुवाइ गर्नुभएको म विश्वास गर्छु। परमेश्वरले मलाई असल ठाउँमा ल्याउनुभयो र मलाई शान्ति दिनुभयो," खुशी भएर यस लेखकलाई सुनाउँछिन्।

